सियारी गाउँपालिका

Siyari Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय

Office Of The Rural Municipal Executive

Harnaiya, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal


प. सं. / Ref. No.: २०८२/०८३

च. नं. / Dispatch No.:

मितिः २०८२/०८/११

ने.स. ११४६

## निः शुल्क तालिममा सहभागिताको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा पोखरा भ्याली टेक्निकल इन्टिच्युट प्रा.लि.को मितिः २०८२/०८/०८ को निःशुल्क तालिम सञ्चालन सम्बन्धी पत्रानुसार विभिन्न विषयमा निःशुल्क खान बस्न सहितको सिपमुलक तालिम विभिन्न निकायको आर्थिक सहयोग बाट सञ्चालन हुने भएकोले सियारी गाउँपालिका अन्तर्गत रहेका युवा वैदेशिक रोजगार तथा स्वदेशमा रोजगारी र उधमी बन्न चाहने इच्छुक बेरोजगार युवाले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०८२ मङ्सिर २५ ) सम्बन्धीत वडा कार्यालय मार्फत सियारी गाउँपालिकाको कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तालिमका विषय र समयावधीः**

| क्र.स | तालिम विषय | अवधि | सहभागी उमेर | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिकर्मी र सटरिङ | ४ महिना | १७-४० वर्ष भित्रका | साधारण लेखपढ | १० जना |
| २ | डकर्मी प्लम्बर र स्टिल फिक्चर | ४ महिना | | | १० जना |
| ३ | इलेक्ट्रोनिक तथा मोबाईल मर्मत | ४ महिना | १७-२७ वर्ष भित्रका | ८ कक्षा उत्तीर्ण | २ जना |
| ४ | बेसिक र एडभान्स इलेक्ट्रिकल | ६ महिना | | | २ जना |

**आवश्यक कागजातः**

- नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपी-१ प्रति,
- पास्पोर्ट साइज फोटो २ प्रति,
- शैक्षिक प्रमाणपत्र प्रतिलिपी,
- अभिभावक मञ्जुरीनामा र सम्झौता पत्र,
- फिर्ता हुने गरी सम्बन्धित ट्रेनिङ्ग इन्स्टिच्युटमा रु ५००० धरौटी जम्मा गर्नु पर्ने।

नोटः तालिम सम्बन्धी अन्य जानकारीको लागि  लागि पोखरा भ्याली टेक्निकल इन्टिच्युट प्रा.लि.को पत्र तथा सम्झौता पत्र यसै सूचना साथ संलग्न गरियको व्यहोरा समेत जानकरीको लागि अनुरोध छ।

०८/११

आशर जि. सी.

प्रमुख प्रशासकीय अधिकृत

t. Regd. No.: 187786/074/075

# POKHARA VALLEY
## TECHNICAL TRAINING INSTITUTE PVT. LTD

PVTTI

(Affiliated with CTEVT
Pokhara-11 Ranipauw
Kaski, Nepa
Tel: +977-61-522569, 985603156
Email: cospnibl@gmail.con

मिति :- २०८२/०८/०८

श्री गाउँपालिका प्रमुख ज्यु

सियारी गाउँपालिकाको कार्यलय

रुपन्देही, नेपाल

विषय :- नि:शुल्क तालीम सञ्चालन सम्वन्धमा ।

महोदय,

प्रस्तुत विषयमा यस पोखरा भ्याली टेक्निकल ट्रेनिङ्ग इन्स्टिच्युट प्रा.ली मा विभिन्न विषयमा नि:शुल्क खाना बस्न सहितको सीप मुलक तालीम विभिन्न दर्तीय निकायको आर्थिक सहयोग बाट आ.व २०८२/८३ अन्तर्गत दोस्रो समूह संचालन हुन लागेको हुदाँ यस स्थानीय तहका विभिन्न वडा मा रहेका युवा बैदेशीक रोजगार तथा स्वदेशमा रोजगारि र उधमी बन्न चाहाने बेरोजगार युवा लाई तपशिल का तालीम मा समावेश गराई दिनु हुन अनुरोध साथ यो पत्र पठाईएको ब्यहोरा जानकारी गराउदछौं ।

**तपशिल तालीमका विषय र समयअवधि**

| क्रस | तालीम विषय | अवधि | सहभागी उमेर | शैक्षीक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिकर्मी र सटरिङ्ग | ४ महिना | १७ - ४० वर्ष भित्रका | साधारण लेखपढ | १० जना |
| २ | डकमी प्लम्वर र स्टिल फिक्चर | ४ महिना | | | १० जना |
| ३ | इलेक्ट्रोनिक तथा मोबाईल मर्मत | ४ महिना | १७ - २७ वर्ष भित्रका | ८कक्षा उत्रीण | २ जना |
| ४ | वेशिक र एडभान्स इलेक्ट्रीकल | ६ महिना | | | २ जना |

- **आवस्यक कागज पत्रहरु**

१) नेपाली नागरिक्ता प्रतिलिपि ...१, २) पासपोट साईज को फाटो......२, ३) शैक्षीक प्रमाण पत्र प्रतिलिपी....१,
४) अभिभावक मन्जुरी नामा र सम्झौता पत्र........१, ५) धरौटी रकम फिर्ता हुने गरी रु ५००० मात्र

- **तालीम मा सुविधाहरु**

१) तालीम पूर्ण रुपमा निशुल्क
२) खाना तथा वस्न निशूल्क ब्यावस्था
३) प्रतेक महिना रु १००० निर्भाहा भत्ता पाउने
४) आउने र जाने बस भाडा (एक पटक) को ब्यवस्था

- तालीम सहभागी दर्ता मिति : २०८२/१०/१० भित्रमा र तालीम संचालन मिति : २०८२/१०/२३ देखी

- **नोट: तालिम पुरा भइ सके पछि वैदेशिक रोजगार तथा स्वदेश मा रोजगार को व्यवस्था रहेको व्यहोरा जानकारी गराउदछौं ।**

**सर्म्पक कार्यलय**

पोखरा भ्याली टेक्निकल ट्रेनिङ्ग इन्स्टिच्युट प्रा.ली
पोखरा-११, रानीपौवा, फोन :०६१-५७२५६९, ९८५६०३१५६९, ९७६६१३३५१८
Email : &Whatsapp No : ९८०५१३४४२३

**ब्यावस्थापक**
विष्णु प्रसाद लामिछाने

**बोदार्थ: १) सम्बन्धित पालिका कार्यलयको वडा अध्यक्ष ज्यु**
**२) सम्बन्धित पालिका को रोजगार संयोजक ज्यु**

- PVTTI ले निर्धारण गरेको होस्टेल को नियम निति पुर्ण पालाना गर्नुपर्ने छ । यदि सो निति नियम पालना नगरेमा होस्टेल बाट निस्कासन वा तालिम बाट समेत निस्कासन भएमा बाकि होस्टेल र तालिमको शुल्क PVTTI लाई भुक्तानी गर्नु पर्ने छ ।
- यस तालिम अवधिभर कुनै पनि नसालु पदार्थ (रक्सि, गाजा,) सेवन गर्ने तथा गराउन पाइने छैन ।
- तालिम अवधिमा दुर्घाटना बाहेक कुनै प्रकार को दु:ख बिमारी भएमा सहभागि ले नै उपचार खर्च व्यहोन पर्ने छ ।
- तालिम सम्पन्न भएपछि उक्त सिपको प्रयोग गरि रोजगार स्वरोजगार वा व्यावसाय गनुपर्ने छ । उक्त जानकारी PVTTI लाई उपलब्ध गराउनु पर्ने छ ।
- तालिम अवधिमा आफुले तालिम संग सम्वन्धी औजार उपकरण समुहमा रहेको औजार उपकरण स्टोर लाई बुझाउनु पर्नेछ ।
- पर्खाल तथा गेट बाट फिटकिएर गएको खण्डमा सहभागिलाई केही दुर्घाटना भएमा Insurance गरिने छैन ।
- PVTTI तथा अन्य संघ/संस्था/कार्यलय संगको समझदारी अनुसार पनि निति नियम पालना गर्नु पर्ने छ ।
- घरमा अति आवश्यक काम बाहेक अन्य कामको लागि बिदा दिइने छैन ।
- यो सहमती तालिम अवधिको लागि मात्र हुनेछ , यसमा समावेश नभएका वुदाहरु आपसी सहमतीमा गरिने छ ।

माथि उल्लेखीत सम्पुर्ण सर्त तथा वन्देजहरु वुझियो यस लाई पुर्ण पालना गरी तालिम कोर्ष पुरा गरिने छ भनि राजीखुशी साथ यस सम्झौता पत्रमा हस्ताक्षर गरेको छु । उक्त सम्झौता नेपाल सरकार को एन कानुन संग बाझिएमा नेपाल सरकार को नियम कानुन मान्य हुनेछ । यस सम्झौता पत्रको आधार मानी सम्पुर्ण कानुनी कारवाही व्यहोंने छौ ।

| सहभागीकर्ता | साची (अभिभावक) | संस्थाको तर्फबाट |
|---|---|---|
| ................ | ......................... | ............................ |
| नाम: | नाम: | नाम: |
| ठेगाना: | सम्पर्क नम्वर: | पद: |
| सम्पर्क नम्वर: | नाता : | छाप: |
| मिति : | मिति : | |